त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

मितिः २०७६/१२/९

## अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड - १९) को नेपालमा संभावित जोखिम नियन्त्रणका लागि विशेष सचेतता अपनाई पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्न आवश्यक रहेकोले नेपाल सरकारबाट गरिएका निर्णयहरू, विगतमा गरिएका निर्णय एवं सुचनाहरू कार्यान्वयन गर्दै निम्नानुसार गर्न गराउन त्रि.वि. कार्यकारी परिषदको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

(१) त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान तथा कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गतका अस्पताल एवं स्वास्थ्य सम्बन्धी निकायहरुले नेपाल सरकारको निर्णय, निर्देशन र सूचना बमोजिम गर्ने गराउने ।

(२) त्रिभुवन विश्वविद्यालयका निकायहरूबाट प्रदान गरिने अत्यावश्यक सेवासँग सम्बन्धित निकायहरू बाहेक अन्य सबै क्याम्पस/कार्यालयहरू २०७६ चैत्र १० गतेदेखि चैत्र २१ गतेसम्म बन्द गर्ने ।

(३) सबै पदाधिकारी, शिक्षक, कर्मचारीहरू आ-आफ्नो निकाय प्रमुखसँग सम्पर्कमा रहने र आवश्यक परेको अवस्थामा कार्यालयमा उपस्थित भई कार्य गर्ने ।

सूर्यप्रसाद अधिकारी
प्रमुख, त्रि.वि.सभा तथा कार्यकारी परिषदको सचिवालय
तथा प्रवक्ता